आज मिति २०८३ साल भाद्र २३ गते मंगलबारका दिन बिहान ९:०० बजे हरिहरपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको दोस्रो बैठक गाउँपालिका अध्यक्ष श्री बज्रध्वज वाईवाज्यूको अध्यक्षतामा वसी तपसिलमा उल्लेखित प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री वज्रध्वज वाईवा | अध्यक्ष |
| श्री चेख वहादुर थिङ | उपाध्यक्ष |
| श्री जित वहादुर थिङ | वडा अध्यक्ष |
| श्री विश्व राई | वडा अध्यक्ष |
| श्री कुल वहादुर भोलन | वडा अध्यक्ष |
| श्री कमल कुमार राई | वडा अध्यक्ष |
| श्री साईला लामा | वडा अध्यक्ष |
| श्री यक वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री विच वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री धन वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री सन्तली राई दनुवार | कार्यपालिका सदस्य |
| श्री मोहनकाजी विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री छलिमाया मुक्तान | कार्यपालिका सदस्य |
| श्री दुर्गामाया विक | कार्यपालिका सदस्य |
| श्री सोमीमाया रानामगर | कार्यपालिका सदस्य |
| श्री दिल कुमारी कामी | कार्यपालिका सदस्य |
| श्री कृष्णहरि न्यौपाने (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

सहयोगी

| | |
|---|---|
| श्री किरण राई | अधिकृत छैठौं |

CamScanner

कार्यपालिका बैठक
मिति २०८३/०५/२३
संख्या: २-२०८३/०८४

**प्रस्तावहरु:**

१. शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा।
२. प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गर्ने सम्बन्धमा।
३. कार्यविधि पारित गर्ने सम्बन्धमा।
४. सामाजिक सुरक्षा भत्ता रकम भुक्तानी सम्वन्धमा।
५. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।
६. विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा।
७. करदाता सेवा सुचारु गर्ने सम्बन्धमा।
८. रोजगारसंग सम्बन्धित कार्यक्रम कार्यान्वयन सम्वन्धमा।
९. आर्थिक सहयता सम्बन्धमा ।
१०. १५ सैया अस्पतालको वस्तुस्थिती अध्ययन समिति गठन सम्बन्धमा।
११. खद्यान्न सहयोग बापतको रकम भुक्तानी सम्वन्धमा।
१२. सामाजिक सुरक्षा भत्ताको खाता सञ्चालन सम्बन्धमा।
१३. विविध।

**निर्णयहरु:**

१. **प्रस्ताव नं. १ माथि छलफल गर्दा,** मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको अकल्पनीय विनाशकारी बाढीका कारण रुसुवा, नुवाकोट, धादिङ, चितवन र तनहुँमा भएको ठूलो जनधनको क्षति प्रति हरिहरपुरगढी गाउँपालिकाको तर्फबाट गहिरो दुःख व्यक्त गर्दछौं। प्राकृतिक विपद्को यस पीडादायी घटनामा ज्यान गुमाउनुहुने सम्पूर्ण मृतकहरू प्रति हरिहरपुरगढी गाउँपालिकाको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्ने निर्णय गरियो।

२. **प्रस्ताव नं. २ माथि छलफल गर्दा,** मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको अकल्पनीय विनाशकारी बाढीका कारण रुसुवा, नुवाकोट, धादिङ, चितवन र तनहुँमा भएको ठूलो जनधनको क्षति भएको छ। विपद्ले दिएको यो चोट केवल एउटा भूगोल वा समुदायको मात्र पीडा नभई सम्पूर्ण राष्ट्रकै साझा पीडा पनि हो। यस्तो राष्ट्रिय विपद्को घडीमा दुःखमा परेका नागरिकलाई संघीय एवं प्रदेश सरकार, स्थानीय तह, नागरिक समाज, निजी क्षेत्र, संघ-संस्था तथा आम नागरिक सबैले आ-आफ्नो स्थानबाट सहयोग गर्नु हाम्रो मानवीय दायित्व र कर्तव्य पनि हो। संकटका बेला सहानुभूति मात्र होइन, सहयोग, सहकार्य र ऐक्यबद्धता नै वास्तविक मानवीय धर्म एवं सामाजिक कर्म हो। यस मर्म र भावनालाई आत्मसात् गर्दै भोटेकोशी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनामा सहयोग पुर्‍याउने उद्देश्यले <u>प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष</u>मा तपसिल बमोजिमको एकमुष्ट रकम जम्मा गर्ने निर्णय गरियो।

| क्र.सं. | योगदान समूह | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | सम्पूर्ण जनप्रतिनिधिहरूको तर्फबाट | गाउँपालिका अध्यक्ष र उपाध्यक्षको ७ दिनको तलब, गाउँ कार्यपालिकाको सदस्यको ५ दिनको तलब एवम् गाउँ सभाका | |

| क्र.सं. | योगदान समूह | रकम रु. | कैफियत |
|---|---|---|---|
| | | सदस्यको २ दिनको तलब | |
| २. | गाउँपालिका कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य संसथाहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको तर्फबाट | अधिकृतस्तरका कर्मचारीहरूको ७ दिनको तलब, सहायकस्तरका कर्मचारीहरूको ५ दिनको तलब एवम् श्रेणीविहीन कर्मचारीहरूको २ दिनको तलब | |
| ३. | सामुदायिक विद्यालयका शिक्षक कर्मचारीहरूको तर्फबाट | मा.वि. द्वितीय/तृतीय, नि.मा.वि. द्वितीय, प्रा.वि. प्रथम वा सो समान तहको संघीय अनुदान, प्रदेश र गा.पा. अनुदान समेतको ७ दिनको तलब, नि.मा.वि. तृतीय, प्रा.वि. द्वितीय र प्रा.वि. तृतीय वा सो समान तहको संघीय अनुदान, प्रदेश र गा.पा. अनुदान समेतको ५ दिनको तलब एवम् विद्यालय लेखा सहायक, बालविकास सहजकर्ता, सामुदायिक अध्ययन केन्द्र परिचालक र विद्यालय सहयोगीको २ दिनको तलब | |
| ४. | तीज विशेष कार्यक्रमको लागि विनियोजन भएको बजेटबाट | २,००,०००।- | आ.व. २०८३/०८४ को लागि तीज विषेश कार्यक्रमको लागि विनियोजन भएको रकम गाउँपालिका तर्फबाट रु. १,००,०००।– र वडा नं. ४ मा विनियोजन भएको तीज विशेष कार्यक्रमबाट रु. १,००,०००।- |
| ६. | प्रकोप व्यवस्थापन कोषबाट | २,००,०००।- | यस गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा जम्मा भएको रकमबाट |

३. **प्रस्ताव नं. ३ माथि छलफल गर्दा,** यस हरिहरपुरगढी गाउँपालिकाको विधेयक समितिलाई कार्यविधि र रणनीति तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिए अनुसार तयार भएको तपशिल अनुसारका कार्यविधी, नियमावली, रणनीति पारित गर्ने निर्णय गरियो।

क) सरकारी जग्गा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८३

४. **प्रस्ताव नं. ४ माथि छलफल गर्दा,** आ.व.२०८२/०८३ को तेस्रो त्रैमासिक अवधिको सामाजिक सुरक्षा भत्ता रकम भुक्तानी प्रकियामा प्राविधिक समस्या तथा सोही आ.व.मा अपुग बजेट ढिला प्राप्त भएको कारण छुट हुन गएकोले तपसिलमा उल्लेखित लाभग्राहीहरुको रकम भुक्तानी गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.सं. | दायित्व सिर्जना भएको मिति | कारोबार संकेत नं | खर्च उपशीर्षक/कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम (रु) | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |

CamScanner

कार्यपालिका बैठक
मिति २०८३/०५/२३
संख्या: २-२०८३/०८४

| क्र.सं. | दायित्व सिर्जना भएको मिति | कारोबार संकेत नं | खर्च उपशीर्षक/कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम (रु) | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | २०८२।०३।२९ | ७.१.१.५१ | जेष्ठ नगारिक भत्ता | आ.व.२०८२/०८३ को चौथो त्रैमासिक अवधिको सामाजिक सुरक्षा भत्ता प्राविधिक समस्याको कारण छुट भएको। | कालदास तामाङ | १२,०००.०० | भुक्तानी प्रकियमा प्राविधिक समस्या भइ असफल भएकोले तथा सोहि आवमा बजेट अपुग भएको कारण ढिलाइ भएको। |
| २ | | ७.१.१.५१ | जेष्ठ नगारिक भत्ता | | मिन्टु माया स्याङतान स्या | १२,०००.०० | |
| ३ | | ७.१.१.६ | विधुवा भत्ता | | बुद्रि माया बम्जन | ८,०००.०० | |
| ४ | | ७.१.१.५१ | जेष्ठ नगारिक भत्ता | | साउनी राईनी दनुवार | १२,०००.०० | |
| ५ | | ७.१.१.५१ | जेष्ठ नगारिक भत्ता | | संगिता राई | १२,०००.०० | |
| ६ | | ७.१.१.५१ | जेष्ठ नगारिक भत्ता | | वान्दरी माया लामा | १२,०००.०० | |
| ७ | | ७.१.१.५१ | जेष्ठ नगारिक भत्ता | | योग कुमारी विक | १२,०००.०० | |
| ८ | | ७.१.१.५१ | जेष्ठ नगारिक भत्ता | | कम्पनी माया पहरी | १२,०००.०० | |
| | जम्मा | | | | | ९२,०००.०० | |

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा, मिति २०८३/०२/०६ गते विहान ७ बजे बसेको गाउँ शिक्षा समितिको तपसिल बमोजिमको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

प्रस्ताव नं १ माथि छलफल गर्दा यस गाउँपालिका भित्रका विद्यालयको तपसिल अनुसार दरवन्दी मिलान गर्ने निर्णय गरियो ।

| क्र.स. | शिक्षकको नाम | तह | दरवन्दी | संकेत नं | विषय | कार्यरत विद्यालयको नाम | सरुवा हुने विद्यालयको नाम | कैफी |
|---|---|---|---|---|---|---|---|---|
| १ | उपेन्द्र यादव | माध्यमिक | राहात | | गणीत | मा वि कर्मीडाँडा चिसापानी | हरिहरपुर मा वि घण्टे | |
| २ | अनिल शाहा | माध्यमिक | संघिय अनुदान | | गणीत | हरिहरपुर मा वि घण्टे | मा वि कर्मीडाँडा चिसापानी | |
| ३ | अविनाश भोलन | प्राथमिक | राहात | | | जिवन ज्योती प्रा वि | मा वि कर्मीडाँडा | |

CamScanner

| क्र.स. | शिक्षकको नाम | तह | दरवन्दी | संकेत नं | विषय | कार्यरत विद्यालयको नाम | सरुवा हुने विद्यालयको नाम | कैफि |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जितपुरडाँडा | चिसापानी | |
| ४ | भक्त बहादुर राई | प्राथमिक | राहात | | | मा वि कर्मीडाँडा चिसापानी | कालिका प्रा वि कोक्टी | |
| ५ | फुलमाया थिङ | प्राथमिक | राहात | | | कालिका प्रा वि कोक्टी | जिवनज्योती प्रा वि जितपुरडाँडा | |
| ६ | दिनेश कुमार राई | प्राथमिक | स्विकृत करार | | | जनकल्याण आ वि ककरे | हरिहरपुर मा वि घण्टे | |
| ७ | कलक रोकाया | प्राथमिक | स्थायी | | | कुन्तेश्वरी प्रा वि क्यान भुताहा | मन्जेश्वरी प्रा वि चिसापानी | |
| ८ | गोरख बहादुर वि क | प्राथमिक | स्थायी | | | मन्जेश्वरी प्रा वि चिसापानी | जनजागृती नि मा वि बन्चरे | |
| ९ | राजिव मिश्र | प्राथमिक | स्थायी | | | जनजागृती नि मा वि बन्चरे | कुन्तेश्वरी प्रा वि क्यान भुताहा | |
| १० | लोकेन्द्र बहादुर राई | नि मा वि | राहात | | | मा वि महेन्द्रझ्याडी | क्यानेश्वर मा वि पानतले | |
| ११ | नविन श्रेष्ठ | नि मा वि | राहात | | | क्यानेश्वर मा वि पानतले | मा वि महेन्द्रझ्याडी | |
| १२ | मैया कुमारी बोम्जन | प्राथमिक | राहात | | | जनहित मा वि बोटेनी | बालविकास प्रा वि हातिदमार | |
| १३ | जानुका तामाङ | प्राथमिक | स्विकृत करार | | | वालविकास प्रा वि हातिदमार | जनहित मा वि बोटेनी | |
| १४ | भेष बहादुर राई | प्राथमिक | राहात | | | मा वि महेन्द्रझ्याडी | जनप्रेमी प्रा वि द्वारखोला | |
| १५ | विष्णु कुमारी राई | प्राथमिक | राहात | | | जनप्रेमी प्रा वि द्वारखोला | मा वि महेन्द्रझ्याडी | |
| १६ | सतल सीं घिसिङ | प्राथमिक | स्विकृत करार | | | कुशेश्वर आ वि कुशदमार | डेन्साङ प्रा वि चायाचुटी | |
| १७ | लाल बहादुर योन्जन | प्राथमिक | स्विकृत करार | | | डेन्साङ प्रा वि चायाचुटी | कुशेश्वर आ वि कुशदमार | |
| १८ | जनकल्याण आ वि ककरे | प्राथमिक | स्विकृत करार | | | | रिक्त | |
| १९ | प्रेम बहादुर वि क | प्राथमिक | स्थायी | | | भानुभक्त मा वि तिनकुना | जनप्रभात निमा वि चैनपुर | |
| २० | प्रतिष्ठा पहरी | प्राथमिक | स्विकृत करार | | | जनप्रभात नि मा वि चैनपुर | भानुभक्त मा वि तिनकुना | |
| २१ | भिम बहादुर वल | विद्यालय सहयोगी | स्विकृत करार | | | बनठाकुर प्रा वि आहालडाँडा | जनप्रगती प्रा वि बसेरी | |

**निर्णय नं २ प्रस्ताव नं २.** माथि छलफल गर्दा शिक्षा नियमावली दशौं संसोधन कार्यान्वयन गर्ने सम्वन्धमा आज सम्म भएको विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त नहुनजेल सम्म यथावत राख्दै

Sangam

कार्यपालिका बैठक
मिति २०८३/०५/२३
संख्या: २-२०८३/०८४

अव गठन हुने विद्यालय व्यवस्थापन समिति दशौं संसोधन अनुसार अगाडी बढाउने निर्णय सर्वसम्वत बाट पारित गरियो ।

**निर्णय नं. ३ प्रस्ताव नं.३** माथि छलफल गर्दा आधारभूत तह कक्षा(६-८) सञ्चालित विद्यालयमा अंग्रेजी गणित र विज्ञान विषयमा शिक्षक व्यवस्थापन गरी विद्यार्थी सिकाई उपलब्धि अभिवृद्धि गर्न संघीय सरकारबाट शिक्षण सहयोग अनुदानको व्यवस्था गरिएकोमा आ.व. २०८१।०८२ मा ७ वटा कोटा प्राप्त भएको र आ.व. २०८२।०८३ मा कुनै पनि अनुदान प्राप्त नभई छुट हुन गएको र उक्त शिक्षकहरुलाई गाउँ पालिकाले नै तलब भत्ता तेस्रो त्रैमासिक सम्म निकाशा दिइएको र अन्तिम निकाशा माध्यमिक तहको संघीय अनुदानमा बढी भएको रकम निकाशा दिइ निरन्तरता दिईएकोमा र आ.व. २०८३।०८४ मा ४ वटा मात्र कोटा प्राप्त भएकोमा नियुक्तिका जेष्ठताको आधारमा तपसिलका ४ वटा शिक्षकको नियुक्तिलाई संघीय अनुदानमा निरन्तरता दिने र अन्य ३ वटा कोटालाई आ.व. २०८३।०८४ मा गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा **निम्न माध्यमिक तह संघीय सरकारबाट अनुदान प्राप्त नभएका शिक्षकलाई तलब भत्ता गा.पा.** अनुदान शिर्षकमा विनियोजन भएको रकम बाट तलब भत्ता खुवाउने निर्णय गरि सम्मपुर्ण कार्यरत शिक्षकलाई निरन्तरता दिंदै म्याद थप गर्ने निर्णय पारित गरियो ।

तपसिल

| क्र.सं. | विद्यालयको नाम | शिक्षकको नाम थर | नियुक्ति मिति | नियुक्ति | हाल कायम गरिएको दरबन्दी |
|---|---|---|---|---|---|
| १ | जनज्योती नि मा वि हाकपारा | सरोज कुमार राई | २०८१-०६-०२ | निम्न माध्यमिक तह संघीय अनुदान | निम्न माध्यमिक तह संघीय अनुदान |
| २ | जनप्रभात नि मा वि चैनपुर | रुपेश राई | २०७८-११-०१ | निम्न माध्यमिक तह संघीय अनुदान | निम्न माध्यमिक तह संघीय अनुदान |
| ३ | जनकल्याण नि मा वि ककरे | पुजा आले | २०८१-०६-०२ | निम्न माध्यमिक तह संघीय अनुदान | निम्न माध्यमिक तह संघीय अनुदान |

| क्र.सं. | विद्यालयको नाम | शिक्षकको नाम थर | नियुक्ति मिति | नियुक्ति | हाल कायम गरिएको दरबन्दी |
|---|---|---|---|---|---|
| ४ | | ज्ञान बहादुर घिसिङ | २०८०-०६-११ | निम्न माध्यमिक तह संघीय अनुदान | निम्न माध्यमिक तह संघीय अनुदान |
| ५ | नि मा वि बसेरी | वाङ्ग्याल लामा | २०८२-०७-२८ | निम्न माध्यमिक तह संघीय अनुदान | निम्न माध्यमिक तह गाउँपालिका अनुदान |
| ६ | कुशेश्वर आ वि कुशदमार | रिक्त | २०८२-०३-०८ | निम्न माध्यमिक तह संघीय अनुदान | निम्न माध्यमिक तह गाउँपालिका अनुदान |
| ७ | जनजागृती नि मा वि बन्चरे | कान्छामा नघलान | २०८२-०३-०९ | निम्न माध्यमिक तह संघीय अनुदान | निम्न माध्यमिक तह गाउँपालिका अनुदान |

निर्णय नं. ४ प्रस्ताव नं.४ माथि छलफल गर्दा हरिहरपुरगढी गाउँपालिका वडा नं. ७ मा अवस्थित श्री जनजागृती निम्नमाध्यमिक विद्यालयमा इसिडी देखि कक्षा ८ सम्म ९ वटा कक्षा ६ जना शिक्षकले सञ्चालन गर्नु पर्ने बाध्यात्मक अवस्था रहेकोमा उक्त विद्यालयमा १ वटा निम्न माध्यमिक तहको अंग्रेजी विषयको गाउँपालिका अनुदान शिक्षक कोटा थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस हरिहरपुरगढी गाउँपालिका अन्तर्गत विभिन्न तहमा कार्यरत शिक्षक,कर्मचारी,वालविकास शिक्षकको दरवन्दी तपसिल अनुसार रहेको प्रमाणित गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र | विवरण | स्वीकृ | राह | अनुदान | ज |
|---|---|---|---|---|---|

कार्यपालिका बैठक
मिति २०८३/०५/२३
संख्या: २-२०८३/०८४

| .सं. | | त दरबन्दी | त दरबन्दी | | | | म्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | पालिका | |
| १ | प्राथमिक | ९६ | ५६ | ० | ० | ८ | १६० |
| २ | नि.मा.वि. | ११ | ७ | ७ | ० | ११ | ३६ |
| ३ | मा.वि. | ६ | १० | १३ | ३ | ३ | ३५ |
| ४ | उ.मा.वि. | ० | ६ | ० | ० | ० | ६ |
| ५ | बालविकास शिक्षक | ३३ | ० | ० | ० | २५ | ५८ |
| ६ | विद्यालय सहायक कर्मचारी | ८ | ० | ० | ० | ० | ८ |
| ७ | कार्यालय सहयोगी | ४९ | ० | ० | ० | | ४९ |
| ८ | सामुदायिक परिचालिका | ४ | ० | ० | ० | २ | ६ |
| जम्मा | | २०७ | ७९ | २० | ३ | ४९ | ३५८ |

निर्णय नं. ६प्रस्ताव नं.६ माथि छलफल गर्दा हरिहरपुरगढी गाउँपालिकामा रहेको तपसिलको विद्यालयहरुमा विद्यार्थी संख्या ज्यादै न्यून तथा विद्यार्थी भर्ना नभएको हुँदा उक्त विद्यालयहरु तपसिलका विद्यालयसंग समायोजन गर्ने निर्णय गरियो । र त्यसको सम्मति व्यवस्थापन उक्त विद्यालय रहेको वडा समितिको निर्णय बमोजिम गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | समायोजनमा गएको विद्यालयको नाम | विद्यालयको इमिस | ठेगाना | विद्यार्थी संख्या (IEMIS) | समायोजन लिएको विद्यालयको नाम | विद्यालयको इमिस कोड | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | शिशु प्रावि सानोकौवा | 200300002 | हरिहरपुरगढी गाउँपालिका वडा नं.-६ | १० | श्री कुशेश्वर माध्यमिक विद्यालय ढब्सार | 200300010 | हरिहरपुरगढी गाउँपालिका वडा नं.-६ | |
| २ | वन ठाकुर प्रावि आहालडाँडा | 200350010 | हरिहरपुरगढी गाउँपालिका वडा नं. ५ | ६ | यो वर्ष सम्म कक्षा ०-२ सञ्चालनमा रहेकोले यस वर्ष त्यही कक्षालाई निरन्तरता दिई अर्को शैक्षिक सत्रमा विद्यालय समायोजना गर्ने र तहाँ विद्यालयमा कार्यरत कार्यालय सहयोगी भिम बहादुर वल लाई वडा नं ५ मा संचालित विद्यालय जनप्रगती प्रा वि बसेरीमा पदस्थापन गर्ने । | | | |

निर्णय नं ७ प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सञ्चालित सम्मपुर्ण सामुदायिक विद्यालय,सामुदायिक सिकाई केन्द्र, सहकारी,विभिन्न संस्थाको आ.व.२०८२/०८३ को अडिट गर्नको लागि आसय पत्र माग गर्नको लागि नियमानुसार सूचना प्रकाशित गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.८ प्रस्ताव नं.८ माथि छलफल गर्दा हरिहरपुरगढी गाउँपालिका वडा नं. ५ मा अवस्थित श्री जनहित माध्यमिक विद्यालयमा एक जना सरसफाई कर्मी माग भएकोमा गाउँपालिकाबाट तलबभत्ता खाने गरी एक जना सरसफाई कर्मी दिने निर्णय गरियो ।

CamScanner

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा, मिति २०८३।०५।२३ गते विहान ७:३० बजे बसेको विपद् व्यवस्थापन समितिको तपसिल बमोजिमको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

निर्णयहरुः

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा, विपद् प्रभावित तथा विपन्न नागरिकलाई आर्थिक सहायता तपसिलमा उल्लेखित व्यक्तिहरुको सहायता रकम उपलब्ध गराउन कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

तपशिलः

| क्र.स. | निवेदकको नाम | ठेगाना | विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | मन्छलाल थिङ | हरिहरपुरगढी-७ | आर्थिक सहयोग | २०८३/०१/२८ | थप उपचार |
| २ | शम्भु कुमार ज्ञामी मगर | हरिहरपुरगढी-४, हाकपारा | पसलमा हावाहुरीले क्षती | २०८३/०३/०१ | जस्ताको छाना उडाइको |
| ३ | डिल बहादुर ज्ञामी मगर | हरिहरपुरगढी-४, हाकपारा | पोल्ट्री फर्ममा हावाहुरीले क्षती | २०८३/०३/०१ | काँठ जाली र चल्ला मरेको |
| ४ | जगत बहादुर मोक्तान | हरिहरपुरगढी-४, चायचुटी | शव बहान खर्च | २०८३/०३/१८ | हेटौडा अस्पताल |
| ५ | देव बहादुर दर्लामी | हरिहरपुरगढी-२, टुडिखेल | आर्थिक सहयोग | २०८३/०३/१७ | थप उपचार |
| ६ | मर्दन बहादुर घलान | हरिहरपुरगढी-७ | आर्थिक सहयोग | २०८३/०३/०८ | थप उपचार |
| ७ | विपिन कुमार साह | हरिहरपुरगढी-४, वेलपुर | वाढीको पानीले सामान क्षती | २०८३/०४/२७ | विपिन जेनेरल स्टोर |
| ८ | विजय राई | हरिहरपुरगढी-२, चैनपुर | पानीले घर गोठ र खेतमा क्षती | २०८३/०४/२७ | नालाको पानी |
| ९ | सुबेरी राई दनुवार | हरिहरपुरगढी-२, चैनपुर | पानीले घर गोठ र खेतमा क्षती | २०८३/०४/२७ | नालाको पानी |
| १० | दुध लाल बम्जन | हरिहरपुरगढी-४, कुण्ड | फलफुल बाढी पहिरोले क्षती | २०८३/०४/२८ | खहरे खोलाले बगाएको |
| ११ | बुद्धि बहादुर बम्जन | हरिहरपुरगढी-४, कुण्ड | बाखा गोठ र खेतमा क्षती | २०८३/०४/२८ | खहरे खोलाले बगाएको |
| १२ | रुद्र बहादुर बल | हरिहरपुरगढी-४, कुण्ड | धान र मकैमा क्षती | २०८३/०४/२८ | खहरे खोलाले बगाएको |
| १३ | रिल बहादुर बल | हरिहरपुरगढी-४, कुण्ड | धानवालीमा क्षती | २०८३/०४/२८ | खहरे खोलाले बगाएको |
| १४ | मिलन बम्जन | हरिहरपुरगढी-४, कुण्ड | धानवालीमा क्षती | २०८३/०४/२८ | खहरे खोलाले बगाएको |
| १५ | सानु बहादुर बल | हरिहरपुरगढी-४, झ्याडी | धान दुवान भइ क्षती | २०८३/०४/२८ | खहरे खोलाले बगाएको |
| १६ | कर्ण बहादुर आले | हरिहरपुरगढी-४, झ्याडी | पहिरोले घर पसलमा क्षती | २०८३/०४/२८ | पहिरो र बाढी |
| १७ | कृष्ण बहादुर | हरिहरपुरगढी- | आर्थिक सहयोग | २०८३/०५/०४ | थप उपचार |

| क्र.स. | निवेदकको नाम | ठेगाना | विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|
| | राई | ४, महेन्द्रझ्याडी | | | |
| १८ | कृष्ण बहादुर ज्ञान्द्रिस | हरिहरपुरगढी-४, हापकारा | गोठ भट्की क्षती | २०८३/०४/२५ | जमिन भासिएको |
| १९ | मान बहादुर कामी | हरिहरपुरगढी-२, चैनपुर | आर्थिक सहयोग | २०८३/०४/०८ | थप उपचार |
| २० | पंचमाया घिसिङ | हरिहरपुरगढी-४, बाहबिसे | बाढीले घर पसलमा क्षती | २०८३/०४/२५ | पहिरो र बाढी |
| २१ | इन्द्र बहादुर वाईवा | हरिहरपुरगढी-५, भलखडा | घर गोठ धानबाली तथा अन्य खेतवारीमा क्षती | २०८३/०५/०५ | पहिरो र बाढी |
| २२ | विशाल लो | हरिहरपुरगढी-५, हात्तिदमार | घर गोठ धानबाली तथा अन्य खेतवारीमा क्षती | २०८३/०५/०५ | पहिरो र बाढी |
| २३ | उर्मिमाया लो | हरिहरपुरगढी-५, वोटेनी | नदिले बगाएको | २०८३/०४/२५ | मरिणखोलामा नुहाउने बेलामा बालिका वगाएको । |
| २४ | सुकुमाया जिम्वा | हरिहरपुरगढी-६ | | | |

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा, प्रत्येक वडामा वडा स्तरीय विपद व्यवस्थापन समिति गठन गर्ने र गठन भएको उक्त समितिलाई सक्रिय बनाउने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ विविध माथि छलफल गर्दा,

क) नेपाल रेडक्रस सोसाईटी र गाउँपालिका बिच समन्वय गरी रक्तदान कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

ख) भोटेकोशी नदी रसुवामा तिब्बततर्फबाट ठुलो बाढी प्रवेश गरी नदी ततिय क्षेत्रहरु रसुवा, नुवाबोट, धाडिङ्ग, गोरखा, तनहुँ, चितवन आसपासमा ठुलो जनधनको क्षति पुऱ्याएकोले राहत सहायताका लागि कार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

ग) घरपझोङ गाउँपालिका मुस्ताङको प.सं. २०८३/०८४, च.नं. ८३, मिति २०८३/०४/२७ को "घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३" मा सहभागिताको लागि आमन्त्रण सम्बन्धी पत्रानुसार मिति २०८३/०५/३० र ३१ गते हुने सम्मेलनमा सहभागि हुन श्री बज्रध्वज वाईवा - अध्यक्ष र श्री महेश कुमार राई - वातावरण, विपद् तथा फोहरमैला व्यवस्थापन शाखा प्रमुख पठाउने निर्णय गरियो ।

घ) विपद् कक्ष व्यवस्थापन गरी आपतकालिन अवस्थामा परिचालन गर्ने निर्णय गरियो ।

ङ) हरिहरपुरगढी वडा नं ४ स्थित हाकपारा/लोहासुर भिर र हरिहरपुरगढी वडा नं ५ स्थित सिमरास/क्याम(मदन भण्डारी राजमार्ग) आसपासको पहिरो व्यवस्थापन गर्नका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

च) आजको बैठक महत्त्वपुर्ण विषयमा छलफल र निर्णय गरी शान्त वातावरणमा सम्पन्न गरियो ।

**७. प्रस्ताव नं ७ माथि छलफल गर्दा,** गाउँपालिकाका करदाता तथा व्यवसायीहरूलाई करसम्बन्धी सेवा लिन आन्तरिक राजश्व कार्यालय वर्दिवास सम्म जानुपर्ने अवस्था रहेको हुँदा स्थानीय स्तरमै करदाता सेवा उपलब्ध

CamScanner

गराउन आवश्यक देखिएको छ। यसबाट करदातालाई सहज, सरल तथा प्रभावकारी सेवा उपलब्ध हुनुका साथै कर प्रशासनमा पहुँच, राजश्व संकलन तथा करसम्बन्धी जनचेतना अभिवृद्धि हुने अपेक्षा गरिएको छ। यस सम्बन्धमा आन्तरिक राजश्व कार्यालय, बर्दिबाससँग आवश्यक समन्वय गरी करदाता सेवा स्थापना तथा सञ्चालनका लागि सम्झौता गर्ने र मिति २०८३ असोज १ गतेदेखि सेवा सुचारु गर्ने निर्णय गरियो। साथै आवश्यक बजेटको ब्यवस्थापन गरि सो सँग सम्बन्धित सामाग्री कार्यालय कक्ष, फर्निचर, कम्प्युटर, प्रिन्टर, इन्टरनेट तथा अन्य आवश्यक भौतिक पूर्वाधार उपलब्ध गराउने निर्णय गरियो।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा, आ.व. २०८३/०८४ मा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गतका तपसिल शिर्षकका कार्यक्रम कार्यान्वियन गर्ने निर्णय गरियो ।

तपसिलः

क) डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धी सरोकारवाला अभिमुखिकरण एमं प्रवर्द्धन कार्यक्रम

ख) श्रमको सम्मान राष्टको अभियान सम्बन्धी क्रियाकलाप संचालन

ग) रोजगारी सिर्जना एवं प्रवर्द्धन सम्वन्धी सरोकारवालासंग रणनीतिक संवाद तथा छलफल कार्यक्रम

घ) स्थानीय तह/रोजगार सेवा केन्द्रद्वारा समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी अभिमुखिकरण तथा सुचना प्रवाह कार्यक्रम

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा, तपशिलमा उल्लिखित विपद् प्रभावित तथा विपन्न नागरिक निवेदकहरुलाई गाउँपालिकाको आ.व. २०८३/०८४ को स्थानीय तहको आर्थिक सहायता शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | निवेदकको नाम | ठेगाना | विवरण | मिति | निर्णय भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मन्छलाल थिङ | हरिहरपुरगढी-७ | आर्थिक सहयोग | २०८३/०१/२८ | १०००० | थप उपचार |
| २ | शम्भु कुमार ज्ञामी मगर | हरिहरपुरगढी-४, हाकपारा | पसलमा हावाहुरीले क्षती | २०८३/०३/०१ | १०००० | जस्ताको छाना उडाइको |
| ३ | डिल बहादुर ज्ञामी मगर | हरिहरपुरगढी-४, हाकपारा | पोल्ट्री फर्ममा हावाहुरीले क्षती | २०८३/०३/०१ | १०००० | काँठ जाली र चल्ला मरेको |
| ४ | जगत बहादुर मोक्तान | हरिहरपुरगढी-४, चायचुटी | शव बहान खर्च | २०८३/०३/१८ | १०००० | हेटौडा अस्पताल |
| ५ | देव बहादुर दर्लामी | हरिहरपुरगढी-२, टुडिखेल | आर्थिक सहयोग | २०८३/०३/१७ | १०००० | थप उपचार |
| ६ | मर्दन बहादुर घलान | हरिहरपुरगढी-७ | आर्थिक सहयोग | २०८३/०३/०८ | १०००० | थप उपचार |
| ७ | विपिन कुमार साह | हरिहरपुरगढी-४, वेलपुर | वाढीको पानीले सामान क्षती | २०८३/०४/२७ | १०००० | विपिन जेनेरल स्टोर |
| ८ | विजय राई | हरिहरपुरगढी-२, चैनपुर | पानीले घर गोठ र खेतमा क्षती | २०८३/०४/२७ | १०००० | नालाको पानी |

कार्यपालिका बैठक
मिति २०८३/०५/२३
संख्याः २-२०८३/०८४

| क्र.स. | निवेदकको नाम | ठेगाना | विवरण | मिति | निर्णय भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ९ | सुबेरी राई दनुवार | हरिहरपुरगढी-२, चैनपुर | पानीले घर गोठ र खेतमा क्षती | २०८३/०४/२७ | १०००० | नालाको पानी |
| १० | दुध लाल बम्जन | हरिहरपुरगढी-४, कुण्ड | फलफुल बाढी पहिरोले क्षती | २०८३/०४/२८ | १०००० | खहरे खोलाले बगाएको |
| ११ | बुद्धि बहादुर बम्जन | हरिहरपुरगढी-४, कुण्ड | बाख्रा गोठ र खेतमा क्षती | २०८३/०४/२८ | १०००० | खहरे खोलाले बगाएको |
| १२ | रुद्र बहादुर बल | हरिहरपुरगढी-४, कुण्ड | धान र मकैमा क्षती | २०८३/०४/२८ | १०००० | खहरे खोलाले बगाएको |
| १३ | रिल बहादुर बल | हरिहरपुरगढी-४, कुण्ड | धानवालीमा क्षती | २०८३/०४/२८ | १०००० | खहरे खोलाले बगाएको |
| १४ | मिलन बम्जन | हरिहरपुरगढी-४, कुण्ड | धानवालीमा क्षती | २०८३/०४/२८ | १०००० | खहरे खोलाले बगाएको |
| १५ | सानु बहादुर बल | हरिहरपुरगढी-४, झ्याडी | धान दुवान भइ क्षती | २०८३/०४/२८ | १०००० | खहरे खोलाले बगाएको |
| १६ | कर्ण बहादुर आले | हरिहरपुरगढी-४, झ्याडी | पहिरोले घर पसलमा क्षती | २०८३/०४/२८ | १०००० | पहिरो र बाढी |
| १७ | कृष्ण बहादुर राई | हरिहरपुरगढी-४, महेन्द्रझ्याडी | आर्थिक सहयोग | २०८३/०५/०४ | १०००० | थप उपचार |
| १८ | कृष्ण बहादुर ज्ञान्द्रिस | हरिहरपुरगढी-४, हापकारा | गोठ भट्की क्षती | २०८३/०४/२५ | १०००० | जमिन भासिएको |
| १९ | मान बहादुर कामी | हरिहरपुरगढी-२, चैनपुर | आर्थिक सहयोग | २०८३/०४/०८ | १०००० | थप उपचार |
| २० | पंचमाया घिसिङ | हरिहरपुरगढी-४, बाहबिसे | बाढीले घर पसलमा क्षती | २०८३/०४/२५ | १०००० | पहिरो र बाढी |
| २१ | इन्द्र बहादुर वाईवा | हरिहरपुरगढी-५, भलखडा | घर गोठ धानबाली तथा अन्य खेतवारीमा क्षती | २०८३/०५/०५ | १०००० | पहिरो र बाढी |
| २२ | विशाल लो | हरिहरपुरगढी-५, हात्तिदमार | घर गोठ धानबाली तथा अन्य खेतवारीमा क्षती | २०८३/०५/०५ | १०००० | पहिरो र बाढी |
| २३ | उर्मिमाया लो | हरिहरपुरगढी-५, खोटेनी | नदिले बगाएको | २०८३/०४/२५ | १०००० | मरिणखोलामा नुहाउने बेलामा बालिका बगाएको । |
| २४ | सुकुमाया जिम्बा | हरिहरपुरगढी ६ सिन्धुली | | | १०००० | |
| २५ | राई दनुवार जागरण समाज | हरिहरपुरगढी-२, बखफर सिन्धुली | मिति २०८२ साल कार्तिक १५ गतेको दिन हरिबोधनी | २०८२/०७/१५ | ७००००।- | |

| क.स. | निवेदकको नाम | ठेगाना | विवरण | मिति | निर्णय भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | एकादशिमा कार्यक्रम गरे बापत खर्च भएको रकम | | | |

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा, १५ शैया अस्पताल निर्माण कार्यको ठेक्का सम्झौतामा उल्लेखित विभिन्न Item हरूको स्वीकृत Quantity हालको निर्माण अवस्थाअनुसार अपुग भएको तथा अस्पताल निर्माण कार्य पूर्णरूपमा सम्पन्न गर्न आवश्यक पर्ने केही अत्यावश्यक कार्यहरू समेत ठेक्का सम्झौतामा समावेश हुन छुट भएको देखिएको हुँदा, हालसम्म सम्पन्न भएका कार्यहरूको यथार्थ विवरण तथा कार्य सम्पन्न गर्न अति आवश्यक थप कार्यहरूको पहिचान गरी सोको विवरणसहितको प्रतिवेदन ७ दिन भित्र तयार गर्न आवश्यक देखिएकोले देहाय बमोजिमको "१५ शैया अस्पतालको वस्तुस्थिती अध्ययन समिति" गठन गर्ने निर्णय गरियो।

समितिको गठन :

१. श्री ई. मनिराज श्रेष्ठ (पूर्वाधार शाखा– हरिहरपुरगढी गाउँपालिका) – संयोजक
२. श्री ई. मिलन श्रेष्ठ ( सूचना प्रविधि अधिकृत–हरिहरपुरगढी गाउँपालिका) – सदस्य
३. श्री किरण राई ( अधिकृत छैठौं- हरिहरपुरगढी गाउँपालिका) – सदस्य
४. श्री ई. ........................ (मरिण गाउँपालिका) – सदस्य
५. श्री दिपेन्द्र कुमार मण्डल (सब-इन्जिनियर- हरिहरपुरगढी गाउँपालिका) – सदस्य
६.श्री ई. .......................... (१५ शैया अस्पताल, निर्माण व्यवसायी तर्फ) – सदस्य
७.श्री शिव शंखर यादव (सब-इन्जिनियर- हरिहरपुरगढी गाउँपालिका) – सदस्य-सचिव

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा, यस गाउँपालिका भित्र बसोबास रहेको विपन्न नागरिकको घरमा विभिन्न विपदजन्य घटनामा मृत्य भएको तथा निजहरुको घरमा काजक्रिया गर्न समेत दयनिय अवस्था रहेको हुँदा गाउँपालिका अध्यक्षज्यूको आदेश बमोजिम मिति २०८३ साल श्रावन महिना देखि हाल सम्म भोलेबाबा किराना पसल, हरिहरपुरगढी-२ चैनपुर सिन्धुलीलाई ९ (नौ) घर परिवारमा खाद्यान्न राहत सामाग्री उपलब्ध गराए वापत रु. १,२६,०००।– भुक्तानी गर्ने निर्णय गरियो।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको भत्ता भुक्तानी हाल सिटिजन्स वैंक इन्टरनेशनल लि. हरिहरपुरगढी शाखा मार्फत भईरहेकोमा हरिहरपुरगढी गाउँपालिका वडा नं. ६,७ र ८ का लाभग्राहीलाई सहजताको लागि पायक पर्ने श्री राष्ट्रिय बाणिज्य वैंक हरिवन सर्लाहीबाट भत्ता भुक्तानी हुने गरी आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो।

१३. प्रस्ताव नं १३ विविध माथि छलफल गर्दा, यस गाउँपालिकाको मिति २०८३/०३/०१ गतेको तह वृद्धि सम्वन्धी सूचना बमोजिम "बागमति प्रदेश सरकार स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९" को दफा ३० को उपदफा १ बमोजिम यस कार्यालयमा कार्यरत सि अ हे व (सहायकस्तर पाँचौ) श्री मनोज कुमार सुयाल (क.सं.नं. २१५५८०) लाई मिति २०८३ साल श्रावण ०१ गते देखि लागु हुने गरी सि. अ. हे. व. अधिकृत, अधिकृत छैठौं तहमा तहवृद्धि अनुमोदन गर्ने निर्णय गरियो।

CamScanner